एन आई सी एशिया बैंक लि.

29 YEARS OF DOING MORE...

ISO 9001 Certified Bank

**प्रेस विज्ञप्ति**

**श्रावण २७, २०८३**

# एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई हेल्थी च्वाइस एस्थेटिक हस्पिटलमा २० प्रतिशतसम्म छुट सुविधा

एन आई सी एशिया बैंक लिमिटेड र बालुवाटार, काठमाडौंस्थित हेल्थी च्वाइस एस्थेटिक हस्पिटल प्रा.लि.बीच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवाहरूमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ। यस समझदारी अनुसार ग्राहक महानुभावहरुले उक्त हस्पिटलमा सेवा लिँदा विभिन्न सेवाहरुमा २० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ।

ग्राहक महानुभावहरुले हेयर ट्रान्सप्लान्टेसन एण्ड रेस्ट्रोरेसन, डरमाटोलोजी एण्ड स्किन ट्रिटमेन्ट, एस्थेटिक एण्ड बडी स्लिमिङ अन्तर्गतका हस्पिटलले प्रदान गर्ने विभिन्न सेवाहरुमा २० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ। त्यसैगरी, प्लाष्टिक सर्जरी अन्तर्गतका सेवाहरुमा ५ हजारदेखि १० हजारसम्मको छुट सुविधा उपलब्ध रहेको छ भने औषधि, युएसजी, टीएमटी, ईसीजी जस्ता सेवाहरुमा १० प्रतिशतको सुविधा उपयोग गर्न सक्नुहुनेछ।

यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको मोबाइल बैंकिङ्ग सेवा (मोबैंक), डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा प्राप्त गर्न सक्नुहुनेछ। उक्त हस्पिटलसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

जयन्द्र रावल

सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)